# सूर्योदय नगरपालिकाको भकारो तथा गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।१२।१२ गते

**प्रस्तावना :** सूर्योदय नगरपालिकालाई गाईको स्रोत केन्द्रको रूपमा विकास गरी स्वच्छ र सफा दुग्ध उत्पादनमा वृद्धि गर्न तथा प्राङ्गारिक कृषि उपजमा जोड दिनको साथै कृषिजन्य उत्पादनमा रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्नका लागि सूर्योदय नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको भकारो तथा गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाई जनाउँछ।

(ख) "कार्यालय" भन्नाले सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "शाखा" भन्नाले सूर्योदय नगरपालिकाको कृषि सेवा शाखा र पशु सेवा शाखालाई सम्झनु पर्दछ।

(घ) "वडा" भन्नाले सूर्योदय नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूलाई सम्झनु पर्दछ।

(ङ) "अनुदान ग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि व्यवसायसँग सम्बन्धित समिति तथा कृषि व्यवसायी सम्झनु पर्दछ।

(च) भकारो भन्नाले प्राङ्गारिक मल बनाउनको लागि गाई वस्तु को मल मूत्र सहज तरिकाले सङ्कलन गर्न बनाइएको थलो सम्झनु पर्दछ।

(छ) गोठ भन्नाले पशु वस्तु लाई खान बस्न तथा घाम पानीबाट सुरक्षित राख्न निर्माण गरिएको स्थल सम्झनु पर्दछ।

(ज) "समिति" भन्नाले कार्यविधिको दफा १० बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## उद्देश्य

३. **कार्यक्रमको उद्देश्य:** कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहनेछ।

(क) गुणस्तरीय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्राङ्गारिक उत्पादनलाई जोड दिने,

(ख) स्वच्छ तथा सफा दूध उत्पादनलाई जोड दिने,

(ग) रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने,

(घ) गुणस्तरीय दुग्ध उत्पादन गरी व्यवसाय वृद्धि गर्ने।

(ङ) दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुऱ्याउने ।

(च) कम्पोष्ट मल तयार गरी वातावरण स्वस्थ राख्ने ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन सम्बन्धी

**४. कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरू :** (१) सूर्योदय नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सूर्योदय नगरपालिकाका सबै वडाहरू वा नगर कार्यपालिकाले तोके बमोजिमका वडाहरूमा भकारो तथा गोठ सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

**५. सूचना प्रकाशन/प्रस्ताव आह्वान गर्ने:** (१) स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि नगर कार्यपालिकाको कार्यालयको सम्बन्धित शाखाले अधिकतम ३० दिनको म्याद दिइ अनुसूची -१ बमोजिमको ढाँचा अनुसार सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन भएको सूचनाको म्यादभित्र कार्यक्रममा सहभागी हुन इच्छुक लाभग्राहीले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन सहित अनुसूची-३ बमोजिमको विवरण समेत समावेश गरी सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ ।

**६. प्रस्तावको मूल्याङ्कन एवम् सम्झौता :** (१) दफा ५ को उपदफा (२) बमोजिम पेश हुन आएका निवेदन/प्रस्तावहरू उपर वडा समितिले अनुसूची-४ मा तोकिएका सूचकहरूका आधारमा मूल्याङ्कन गरी आवश्यक सङ्ख्यामा लाभग्राही छनौट गरी सरोकारवाला सबैको जानकारीका लागि लाभग्राहीको विवरण वडा कार्यालयको सूचना पाटी र विद्युतीय माध्यमबाट समेत सार्वजनिक गरी लाभग्राहीको विवरण सम्बन्धित शाखालाई सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम वडा कार्यालयबाट छनौट भई आएका लाभग्राहीहरूसँग सम्बन्धित शाखाले अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

**७. लागत साझेदारी सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधि बमोजिम लागत साझेदारीमा भकारो तथा गोठ सुधार कार्यक्रम सञ्चालन गर्दा स्वीकृत वार्षिक कार्यक्रममा लागत साझेदारीको प्रतिशत तोकिएको हकमा सोही बमोजिम र नतोकिएकोमा लागत साझेदारीको प्रतिशत नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) कार्यालयले सम्झौता बमोजिमको खर्च रकमको बिल भर्पाई सहितको प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात् कार्यालयले आवश्यक जाँचबुझ तथा परीक्षण गरी तोकिएको साझेदारी प्रतिशतमा नियमानुसारको कर कट्टा गरी लाभग्राहीलाई बैङ्क खाता मार्फत भुक्तानी उपलब्ध गराउने छ । दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रूपमा बिल बिजक पेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिम वा नगर कार्यपालिकाले निर्णय गरे बमोजिमको लागत साझेदारी हुने गरी नगरपालिका, कृषक समूह/सहकारी/टोल विकास संस्था/फर्महरू र लाभग्राही कृषकहरूको साझेदारीमा भकारो तथा गोठ सुधार कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम कार्यक्रम सञ्चालन गर्दा प्रस्ताव पेश गर्ने कृषक/कृषक समूह/सहकारी/टोल विकास संस्था/ फर्महरू मध्ये कार्यविधिको अनुसूची-४ मा तोकिएका सूचकहरूका आधारमा लाभग्राही छनौट गरी सरोकारवाला सबैको जानकारीका लागि लाभग्राहीको विवरण वडा कार्यालयको सूचना पाटी र विद्युतीय माध्यमबाट सार्वजनिक समेत गरी लाभग्राहीको विवरण सम्बन्धित शाखामा पेश गर्नु पर्नेछ।

८. **अनुदान सम्बन्धी अन्य व्यवस्था:** (१) यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराइने छ।

(२) एक पटक सङ्घीय सरकार, प्रदेश सरकार, नगरपालिका वा आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन वर्षसम्म सोही प्रकृतिको अनुदान उपलब्ध गराइने छैन।

९. **दोहोरो सुविधा लिन नपाउने :** (१) एकै प्रकृतिको कामको लागि लाभग्राहीले एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको पाइएमा वा अनुदानको दोहोरोपना भएको पाइएमा त्यसरी अनुदान लिने लाभग्राहीलाई ५ वर्षसम्म नगरबाट प्रवाह हुने कुनै पनि किसिमका अनुदानका कार्यक्रममा समावेश गरिने छैन।

## परिच्छेद-३

## अनुगमन, सुपरीवेक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

१०. **अनुगमन तथा सुपरीवेक्षण समिति :** (१) यस कार्यविधि बमोजिम लागत साझेदारीमा भकारो/गोठ सुधार कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणका लागि देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| (क) नगर उप-प्रमुख | - संयोजक |
| (ख) पूर्वाधार शाखाका इन्जिनियर एक जना | - सदस्य |
| (ग) कृषि/पशु सेवा शाखा प्रमुख | - सदस्य |
| (घ) योजना शाखा प्रमुख | - सदस्य |
| (ङ) सम्बन्धित शाखा प्रमुख | - सदस्य सचिव |

११. **अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा १० बमोजिम गठन भएको अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रमको स्थलगत अनुगमन तथा सुपरीवेक्षण गरी प्रतिवेदन दिने,

(ख) कृषकलाई आवश्यकतानुसार राय, सल्लाह, सुझाव र परामर्श प्रदान गर्ने,

(ग) कृषकलाई कागजात प्रक्रियामा सहयोग गर्ने ,

(घ) कार्यक्रमलाई थप प्रभावकारी तुल्याउनका लागि आवश्यकतानुसार नगर कार्यपालिकालाई सुझाव दिने,

(ङ) अनुदानको दोहोरो पना भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने र दोहोरो पना भएको पाइएमा लाभग्राहीको सूचीबाट हटाउनका लागि सिफारिस गर्ने।

(च) लाभग्राहीले प्राप्त गरेको अनुदानको अनुगमन गरी उद्देश्य बमोजिम प्रयोग नगरेको पाइएमा सो सामग्री जफत गर्न वा सो बराबरको रकम असुल उपर गर्नका लागि सिफारिस गर्ने,

(छ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४
## विविध

**१२. निर्देशन दिन सक्नेः** कार्यक्रम सम्बन्धमा सूर्योदय नगरपालिकाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

**१३. बाधा अड्काउ फुकाउ**: यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सो को निरूपण नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१४. कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

**१५. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा व्यवस्था भएको कुनै प्रावधान सङ्घीय वा प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: खारेज हुनेछ ।

## अनुसूची-१
## (दफा ५ को उपदफा (१ ) सँग सम्बन्धित)

## सूचना!!!

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि/पशु सेवा शाखाको आ..व ......... को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम भकारो / गोठ सुधार कार्यक्रम ....... प्रतिशत लागत साझेदारीमा सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक कृषक/ कृषक समूह /फर्म/ कृषि सहकारी/ टोल विकास संस्थाहरूले तपसिल बमोजिमको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित वडा कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा निवेदन र अनुसूची-३ अनुसारको विवरण पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेको र म्याद नाघेको निवेदन स्वीकार गरिने छैन ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको लागि स्वीकृत रकम | प्रस्ताव साथ संलग्न हुनुपर्ने कागजातहरू |
|---|---|---|---|
| | | | • रु.१० को टिकट टाँस भएको निवेदन।<br>• कृषक समूह/ फर्म/ सहकारीहरूको हकमा दर्ता नवीकरण, लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।<br>• नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>• स्थायी लेखा नम्बरको प्रतिलिपि।<br>• चालू आ.व. को तिरो तिरेको रसिदको प्रतिलिपि।<br>• समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपि । |

**अनुसूची-२**

**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**

**निवेदनको ढाँचा**

| |
|---|
| रु. १० को टिकट |

मिति:

श्री सूर्योदय नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कृषि/ पशु सेवा शाखा, फिक्कल, इलाम।

विषय : भकारो/ तथा गोठ सुधार कार्यक्रममा सहभागी हुन पाउँ।

उपरोक्त सम्बन्धमा त्यस शाखाको मिति ................................मा प्रकाशित सूचना अनुसार निवेदक श्री................................. कृषक /कृषक समूह/ कृषि सहकारी/ टोल विकास संस्था/ कृषि कम्पनी/निजी उद्यमी फार्म सूर्योदय नगरपालिका, फिक्कल इलाम वडा नं ..........मा रहेको ................. क्षेत्रफल भएको मेरो/हाम्रो गोठमा ................वटा पशु रहेको र सो पशुको गोबर/मूत्र ........................रोपनी क्षेत्रफलमा गरिएको खेतीमा प्रयोग भइरहेको र हालको भकारो/मूत्र सङ्कलन पिट / मल खाद......................... मा सुधार गर्नुपर्ने भएकोले तपसिल अनुसारको विवरण तथा कागजात सहित ..... प्रतिशत कार्यालयको सहयोग र ...... प्रतिशत आफ्नो लगानीमा भकारो सुधार कार्यक्रम गर्न इच्छुक भएको हुँदा यस कार्यक्रममा सहभागी हुन तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु/छौं।

निवेदक

दस्तखत:
नाम:
ठेगाना:
नागरिकता नम्बर:
सम्पर्क नम्बर:
छाप:

**अनुसूची-३**

**(दफा ५  को उपदफा (२ ) सँग सम्बन्धित)**

**आवश्यक विवरण:**

**१.** कृषि उत्पादन क्षेत्र विवरण (रोपनी):- क) तरकारी.....   .ख) चिया......   ग)फलफूल........... घ) अलैंची........ ङ) अदुवा............च)अन्य केहि भए.................. छ) जम्मा...................

**२.** खेती गरिएको क्षेत्रफल (रोपनी):-...........................................................................................

**३.** पशु सङ्ख्या:- क) गाई.................. ख) भैँसी........ग) बाख्रा..........घ) बंगुर ............ ङ) अन्य केही भए ....... च) जम्मा.........

**४.** हालको अवस्था:- क) डुंड भएको/ नभएको ख) भकारो सिमेन्ट भएको/ नभएको ग) पशु मूत्र बग्ने नाली भएको/नभएको घ) मुत्र जम्मा गर्ने सिमेन्ट खाडल भएको/नभएको ङ) गोवर राख्ने खाडल भएको/नभएको च) मलखादमा घामपानीबाट जोगाउने छाना भएको/नभएको छ) गोठको साईज: लम्बाई................ चौडाई.................... उचाई................ ज) जम्मा क्षेत्रफल............................... झ) अन्य केही भए उल्लेख गर्ने .................................................

**५.** हालको अवस्थामा के सुधार गर्नु पर्ने हो उल्लेख गर्ने...............................................................

**अनुसूची-४**

**(दफा ६ को (१) सँग सम्बन्धित)**

**भकारो सुधार कार्यक्रमको मूल्याङ्कन मापदण्ड/छनौटका आधारहरू:**

| **क्र. सं.** | **सूचकाङ्क आधार** |
|---|---|
| १. | पशु सङ्ख्या (अधिकतमलाई प्राथमिकता) |
| २. | हाल खेती गरिएको क्षेत्रफल |
| ३. | प्राङ्गारिक उन्मुख खेती गर्ने गरेको |
| ४. | बाली/वस्तुको क्षेत्रफल/सङ्ख्या विस्तारको सम्भावना |
| ५. | सम्भावित लाभान्वित वर्गको सङ्ख्या |
| ६. | वैदेशिक रोजगारबाट फर्केको |
| ७. | एकल महिला/दलित/ लोपोन्मुख समुदाय |
| ८. | पशुपालन व्यवसायबाट जीविकोपार्जन गर्ने गरेको |
| ९. | चालू आर्थिक वर्षमा सञ्चालित अनुदानका कुनै पनि कार्यक्रममा समावेश नभएको र विगत तीन वर्षमा सोही प्रकृतिको अनुदानका कार्यक्रममा समावेश नभएको |

## अनुसूची-५ (दफा ६ को (२) संग सम्बन्धित)
## सम्झौता पत्र

मिति:

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि/पशु सेवा शाखा, फिक्कल, इलाम (यस पछि पहिलो पक्ष भनिने) र सूर्योदय नगरपालिका वडा नं ............ बस्ने नागरिकता प्रमाण पत्र नं ......................भएको कृषक श्री.......................................... (यस पछि दोस्रो पक्ष भनिने) बीच ...... प्रतिशत लागत साझेदारीमा गोठ / भकारो सुधार कार्यक्रम सञ्चालन गर्न निम्नानुसार शर्तनामाहरू पालना गर्ने गरी सम्झौता गरि दियौं/लियौं।

१. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।
२. दोस्रो पक्षले सम्झौता भएको मिति देखि ........................मिति भित्र सम्झौता बमोजिमको सम्पूर्ण कार्य सम्पन्न गरी सक्नु पर्ने छ।
३. दोस्रो पक्षले भकारो सुधारको लागि भुईँ ढलान, मूत्र सङ्कलनका लागि ट्याङ्की वा ड्रम र गोठेमल व्यवस्थापन गर्न उचित स्थान (घाम पानीबाट बचाएको हुनुपर्ने) को व्यवस्था अनिवार्य रूपमा गर्नु पर्ने छ।
४. दोस्रो पक्षले गोठ सुधारको लागि डुँड निर्माण, भुईँ ढलान, छानो मर्मत तथा निर्माणको साथै गोबर तथा पिसाबको उचित व्यवस्थापन गर्न पर्नेछ।
५. दोस्रो पक्षले भकारो/गोठ सुधार कार्यक्रम सञ्चालनको लागि सूर्योदय नगरपालिकाको सम्बन्धित प्राविधिकबाट डिजाइन, इष्टिमेट तयार गराई प्राविधिकले दिएको निर्देशन अनुसार सम्पूर्ण क्रियाकलापहरू सम्पन्न गर्नु पर्नेछ।
६. तोकिएको अनुदान भन्दा बाहेकको रकम स्वयम् व्यक्तिले व्यहोर्नु पर्नेछ।
७. दोस्रो पक्षले कार्यक्रम अन्तर्गत सञ्चालन भएको क्रियाकलापहरूको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गराए पश्चात् मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिइनेछ।
८. दोस्रो पक्षले समयमा कार्य सम्पन्न नगरेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष बाध्य हुने छैन।
९. दोस्रो पक्षले अनुदान रकम कार्यक्रम सञ्चालन कार्यमा प्रयोग नगरी हिनामिना भएको देखिएमा वा हेलचेक्र्याईको कारणबाट निर्माण गरिएको पूर्वाधारको हानी नोक्सानी भएमा प्रचलित नियम कानुन बमोजिम दिइएको अनुदान रकम दोस्रो पक्षबाट असुल उपर गरिनेछ।
१०. दोस्रो पक्षले कार्यक्रम शुरु गर्नु भन्दा पूर्व कार्यक्रम सञ्चालन हुँदै गरेको र कार्यक्रम सम्पन्न भइ सकेपछिको फोटोहरू अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भर्पाईका साथमा अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ।
११. प्रथम पक्षले सम्झौता बमोजिमको खर्च रकमको बिल भर्पाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात् ...... प्रतिशतमा नबढ्ने गरी नियमानुसारको कर कट्टा गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ।
१२. यस कार्यक्रम सम्बन्धी कुनै विवाद आएमा सूर्योदय नगरपालिकाको निर्णय नै अन्तिम मानिनेछ।

१३. यो सम्झौता उल्लेख भएका कुराहरूमा यस बमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौं भनी दस्तखत गर्ने:

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर |
| नाम : | नाम: |
| पद : | पद: |
| नागरिकता नं.: | नागरिकता नं.: |
| **रोहवर** | **रोहवर** |
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |